**“पूर्ण सरसफाइमा प्रतिवद्धता, हामी सबैको ऐक्यवद्धता”**
**“हाम्रो घरमा चर्पी छ, हामीलाई यसमा गर्व छ”**

## अन्तर्राष्ट्रिय सरसफाइ वर्ष २००८ नेपाल

# प्रेस वक्तव्य

- सन् २०१५ सम्म सरसफाइको सुविधावाट वञ्चित विश्वका आधा जनसंख्यालाई सरसफाइ सुविधा पुऱ्याउने सरसफाइ सहस्राव्दि विकास लक्ष्य (Millennium Development Goal) हासिल गर्न टेवा दिने उद्देश्यले संयुक्त राष्ट्र संघद्धारा सन् २००८ लाई अन्तर्राष्ट्रिय सरसफाइ वर्ष घोषणा गरिएको छ । अन्तर्राष्ट्रिय सरसफाइ वर्षले सरसफाइमा गरिव एवं पिछडिएको वर्गको पहुँच बढाउनका अतिरिक्त सरोकारवालाहरुको प्रतिवद्धता बढाउने, सरकारलाई सरसफाइमा परिचालित गर्ने, मागमूखि पद्धति प्रवर्द्धन गर्ने, संस्थागत क्षमता सुदृढ गर्ने, सरसफाइमा दिगोपन कायम गर्ने आदि प्रमुख उद्देश्य बोकेको छ ।
- सरोकारवालाहरुको प्रयासको बावजुद नेपालमा करिव ५४% जनता चर्पीको सुविधाको अभावमा खुला स्थानमा दिसा गर्न वाध्य छन् । खुला दिसाका कारण पानीका स्रोतहरु प्रदुषित हुन पुगेका छन् । झाडा पखालाको महामारीले जनस्वास्थ्य र विशेष गरी महिला र बालवालिकाको स्वस्थ्य जोखिममा परेको छ । नेपालमा ५ वर्ष मुनिका करिव १३००० बालवालिकाको सरसफाइको अभावमा र्सिजित रोगब्याधीका कारण अकालमा मृत्युभै रहेको छ । न्यून सरसफाइका कारण जन स्वास्थ्य, उत्पादकत्व एवं पर्यटन नराम्रोसँग प्रभावित हुन पुगेको छ । जसले गर्दा देशले वर्षेनी करिव रु. १० अरव बरावरको क्षति व्यहोरिरहनु परेको छ । विद्यालयमा चर्पीको सुविधा नभएका कारण उमेर पुगेका छात्राहरु विद्यालय छाड्न वाध्य छन् । खानेपानीमा करिव ७६% जनतालाई सुविधा पुगेपनि सरसफाई सुविधाको अभावमा खानेपानी सुविधा मार्फत अपेक्षा गरिएको जनस्वास्थ्य सुधार गर्ने राष्ट्रिय सोचले मूर्त रुप लिन सकिरहेको छैन । शहरी क्षेत्रमा फोरमैला व्यवस्थापन एक चुनौती बनेको छ । तथापि सन् १९९० सम्म केवल ६% जनतालाई मात्र चर्पीको सुविधा पुगेकोमा सरोकारवालाहरुको संयुक्त प्रयास मार्फत हाल करिव ४६% जनतालाइ सो सुविधा पुगेको छ । देशमा पूर्ण सरसफाइ अभियानले गति लिन सकेको छ ।
- सरोकारवालाहरुको सहकार्य र नौला एवं सिर्जनशील पद्धति एवं प्रविधि मार्फत सरसफाइमा आमूल परिवर्तन ल्याउंदै सन् २०१५ सम्म ५३% जनतालाइ चर्पीको सुविधा पुऱ्याउने सरसफाइ सहस्राव्दि विकास लक्ष्य एवं सन् २०१७ सम्म सवैका लागि सरसफाइको राष्ट्रिय लक्ष्य हासिल गर्न अनुकुल वातावरण सिर्जना गर्न अन्तर्राष्ट्रिय सरसफाइ वर्ष २००८ लाई नेपालले एक महान अवसरको रुपमा लिएको छ । नीति निर्मातालाई सरसफाइ प्रवर्द्धनको लागि संवेदनशील वनाउने , राष्ट्रिय एवं अन्तराष्ट्रिय तहका सरोकारवालाहरुबीच साझेदारी स्थापना गरी सरसफाइका थप अवसरहरु सिर्जना गर्ने, सरसफाइमा स्थानीय निकायको अपनत्व वढाई स्रोत साधनको उच्चतम परिचालन

गर्ने, सरसफाइलाई अस्मिता, पहिचान र गर्वको विषयको रुपमा  संस्थागत गर्न उपयुक्त वातावरण सिर्जना गर्ने, सरसफाइ कार्यक्रममा नेतृत्व र पैरवी गर्न विभिन्न तहहरुमा संस्थागत सुदृढिकरण गर्ने र चर्पीको प्रयोग र सरसफाइ संवन्धी वानी व्यहोरा सुधार गर्ने आदि उद्देश्य बोकेको छ ।

- नेपालमा अन्तर्राष्ट्रिउ सरसफाइ वर्षको  समग्र कार्यको समन्वयको लागि भौतिक योजना तथा निर्माण मन्त्रालयको संयोजकत्वमा अन्तर्राष्ट्रिय सरसफाइ वर्ष २००८ नेपाल डेस्क स्थापना गरिएको छ । सम्बद्ध सरकारी एवं गैरसकारी संघ संस्थाको प्रयासमा अर्न्तराष्टिंय सरसफाइ वर्ष-२००८ को लागि नेपालको योजना (Nepal Country Plan) विकसित गरिएको छ । जस अनुरुप सरसफाइको पहिचान स्थापित गर्न खानेपानी तथा ढल निकास विभागको नाम परिवर्तन गरि खानेपानी तथा सरसफाइ विभाग नामाकरण गर्ने, सरसफाइ डालो कोष (Sanitation Basket Fund) को व्यवस्थापन गर्ने , सरसफाइ प्रवर्द्धनको लागि पार्टि घोषणा पत्र मार्फत राजनितिक दलको प्रतिवद्धता हासिल गर्ने तर्फ सशक्त पैरवी गर्ने ,सरसफाइ प्रवर्द्धनको लागि यथेष्ट वजेट व्यवस्थापन गर्न पैरवी एवं चेतनामूलक कियाकालाप र्माफत सरकारको ध्यान आकृष्ट गर्ने, सरसफाइमा उत्कृष्ठ योगदान दिने व्यक्ति एवं सघं-संस्थालाइ राज्य स्तरवाट सम्मान र कदर गर्ने , विशेष प्रकारका कार्यक्रम कार्यान्वयन गर्ने, नीजि क्षेत्र संगको साझेदारीमा चर्पी निर्माणको माग सिर्जना गर्ने  आदि कार्य रहेका छन् । त्यसैगरि सरसफाई प्रवर्द्धनका लागि अनुकुल वातावरण तयार गर्न सरसफाइ गुरुयोजना तयार गर्ने, स्रोतसाधनको व्यापक परिचालन गर्ने, सरोकारवालाहरु बीच समन्वय सुदृढ गर्ने र जनचेतना र पैरवी  क्रियाकलापमा तिव्रता दिने त गरि मुख्य उपलब्धिका क्षेत्रहरु निर्धारण गरिएका छन् ।
- हाम्रो लागि अन्तराष्ट्रिय सरसफाई वर्ष - २००८ राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य गर्ने एक महान अवसर हो । सरसफाईमा आमूल परिवर्तनकारी सोच, साझा लक्ष्य र सयुक्त प्रयास मार्फत अग्रगामी बाटो तय गर्नु आजको अपरिहार्यता हो । आशा गरौ अन्तर्राष्ट्रिय सरसफाइ वर्षले हामी सबैलाई सरसफाईमा काम गर्दा आत्मगौरव प्राप्त हुने अवस्था सिर्जना गर्न सक्नेछ र समुदायलाई खुला दिसा बन्द गरि पूर्ण सरसफाइ (Total Sanitation) को अवस्था हासिल गर्ने तर्फ प्रेरित गर्नेछ । यस अभियानमा आमसंञ्चारका माध्यमको भूमिका अहम् रहनेहुँदा यहाँहरुको रचनात्मक सहयोगको हार्दिक अपेक्षा गर्दछौ ।

अन्तर्राष्ट्रिय सरसफाइ वर्ष २००८, नेपाल डेस्क
राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समिति
पानीपोखरी, काठमाडौं, नेपाल
फोन:४४१३६७०
फ्याक्स:४-४१९८०२
इमेल: iysnepal@ntc.net.np
मिति : २०६४।९।१८ काठमांडौ